प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY
१६ औं वार्षिकोत्सव





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : २४८ ॥ २०८१ कार्तिक ०८ गते बिहिबार (24th Oct 2024 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-


# हजुरबुवा र नातिनीको घटनास्थलमै मृत्यु भएपछि स्थिति तनावग्रस्त



झापा(प्रस) । काँकडभिट्टाबाट काठमाडौतर्फ जाँदै गरेको प्र १-०१-००१ ख ४३३१ नं को रात्रिबसले कमल गाउँपालिकाको केर्खामा इलेक्ट्रिक साइकललाई ठक्कर दिँदा हजुरबुवा र नातिनीको घटनास्थलमै मृत्यु भएको छ। सोही दिशातर्फ जाँदै गरेको इलेक्ट्रिक साइकललाई साँझ ५.३० बजे रात्रिबसले ठक्कर दिएको थियो । दुर्घटनामा मनोज इजमकी अन्दाजी ९ वर्षकी छोरी कृपा इजम र उनका बुवा ६० वर्षीय टेकबहादुर इजमको मृत्यु भएको हो । ती बालिकाको बुधवार जन्मदिन रहेको थियो । जन्मदिन मनाउन नातिनीलाई लिएर हजुरबुवा बर्थडे लिन गएका थिए । मासु र बर्थडे केक लिएर घरतर्फ फर्कने क्रममा प्रहरी चौकी केर्खा अगाडि पूर्वबाट पश्चिमतर्फ हुइकिएको रात्रि बसले उनीहरू सवार इलेक्ट्रिक साइकललाई ठक्कर दिएको थियो। बर्थडे केक र मासु सडकभरि छरपष्ट रहेको छ भने इलेक्ट्रिक साइकल क्षतिग्रस्त भएको छ ।

ठक्कर दिने बसलाई तोडफोड गरिएको छ भने प्रहरी चौकी केर्खामा राखिएको त्यस बसलाई आगजनी गर्ने प्रयास गरिएको थियो । आक्रोशितहरुले प्रहरी चौकी केर्खामा ढुंगामुढा गरेका थिए। दुर्घटनाबाट एकै घरका नातिनी हजुरबाको मृत्यु भएपछि आक्रोशित बनेका आफन्त र स्थानीयवासीले पूर्वपश्चिम राजमार्ग तीन घण्टादेखि अवरुद्ध बनाएका छन्।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेका यातायातका साधन शिवसताक्षीस्थित कमल खोलाको पुलमा रोकिएका छन् भने पूर्वतर्फ आउने यातायातका साधन सीतापुरीमा रोकिएका छन्। जसका कारण गन्तव्यमा पुग्ने यात्रु बीचबाटोमै अलपत्र परेका छन्।

राति १० बजेसम्म राजमार्गमा कुनै पनि यातायातका साधन चल्न सकेका छैनन् । घटनाको वास्तविक यथार्थता नबुझी प्रहरीले शब उठाएको भन्दै स्थानीयवासीले प्रहरीमाथि ढुङ्गामुढा गरेका थिए। त्यसपछि प्रहरीले पिकअप भ्यानमा उठाएको शब राजमार्गमै छाडेको थियो ।

केर्खा बजारमा रहेको प्रहरी बिट आगजनी गरेर ध्वस्त बनाइदिएका छन्। आगलागी नियन्त्रणका लागि तयारी अवस्थामा रहेको दमकल ३०० मिटर नजिकको प्रहरी बिटमा लगाइएको आगो निभाउन आउन सकेन । प्रहरी चौकीको गेट बाहिरैबाट ढुङ्गामुढा प्रहार गर्दा बसमा क्षति भएको छ भने प्रहरी चौकीको झ्यालमा समेत क्षति भएको छ । यस्तै प्रहरीलाई ढुङ्गा हान्ने क्रममा प्रहरी चौकी अगाडि पार्किङ गरिएको दमकलको सिसा फुटेको छ । स्थितिलाई नियन्त्रणमा लिन प्रशासनले सशस्त्र प्रहरी परिचालन गरेको छ। पूर्व र पश्चिमतर्फबाट सशस्त्र प्रहरी घटनास्थलतर्फ गइरहेको स्थानीयबासीले बताए । स्थानीयबासीको भीड र आक्रोश भने केही मत्थर देखिएको स्थानीय कमल नेपालले जानकारी दिएका छन्।

कृपा स्थानीय लालीमा अंग्रेजी बोर्डिङ स्कुलकी कक्षा चारमा पढ्ने छात्रा हुन् । उनी जेहेन्दार छात्रा भएको विद्यालयका संस्थापक प्रिन्सिपल गौरीमान फागोले बताए । उनले भने,‘सडक दुर्घटनामा कृपाको निधनको खबरले विद्यालय परिवार स्तब्ध छ।’ एउटा जेहन्दार र अनुशासित विद्यार्थी गुमाउनु पर्दाको पीडा प्रिन्सिपल फागोले खुलेर व्यक्त गर्न सकेनन ।

बस र बस चालक शिवसताक्षी नगरपालिका वडा नम्बर-१ का ३२ बर्षिय बिशाल ठटाललाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाबाट डीएसपी कृष्णकुमार चन्दको कमाण्डमा ७० जना र सशस्त्र प्रहरी बल पाडाजुँगीबाट निरन खड्काको कमाण्डमा ७० जनासहित ठुलो संख्यामा सुरक्षाकर्मी घटनास्थलमा परिचालन गरिएको छ ।( तनावग्रस्त केर्खाको थप तस्वीरहरु पृष्ठ ३ मा )

## दर्जनौं सेल अश्रुग्यास प्रहार, ८ प्रहरी घाइते

झापा(प्रस) । हजुरबुवा र नातिनीको मृत्यु हुने गरी दुर्घटना भएपछि भड्किएको स्थिति नियन्त्रणमा लिन प्रहरीले केर्खामा दर्जनौं सेल अश्रुग्यास प्रहार गरेको छ ।जनपद प्रहरीले १५ सेल र सशस्त्र प्रहरी बलले १४ सेल अश्रुग्यास फायर गरेको हो । आक्रोशित स्थानीयले ढुंगामुढा गर्दा नेपाल प्रहरीतर्फ ५ जना र सशस्त्र प्रहरीतर्फ ३ जना घाइते भएका छन् । आक्रोशित स्थानीयले केर्खामा रहेको प्रहरी बिट र ट्राफिक प्रहरी बिटमा ढुङ्गामुढा, तोडफोड र आगजनी गरेका छन् ।त्यस्तै स्थानीयले ढुङ्गामुढा गर्दा घटनास्थलनजिकै रहेको मे १ ख २७४४ नं. को न्यू सूर्योदय यातायात यात्रुबाहक बसको अगाडीको सिसा चर्किएको छ । त्यस्तै बायाँ साइडको ४/५ वटा झ्यालको सिसा फुटेको छ ।

# बाह्रदशीमा श्रीमतीद्वारा श्रीमानलाई कट्टी प्रहार



झापा(प्रस) । झापाको बाह्रदशी-६ बिहीवारे बजारमा श्रीमतीले श्रीमानलाई कट्टी प्रहार गरी सख्त घाइते बनाएकी छन् ।

बुधवार बिहान सवा १० बजे ३९ वर्षीया विद्यादेवी आङ्वोले कट्टी प्रहार गरी ३६ वर्षीय श्रीमान ज्ञानेन्द्र लिम्बूलाई घाइते बनाएकी हुन् । घरायसी विवादमा विद्यादेवीले कट्टी हानेको बताइएको छ । हतियार प्रहारबाट टाउकोमा चोट लागेका घाइते ज्ञानेन्द्रलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोडमा भर्ना गरिएको छ ।

श्रीमानलाई कट्टी हान्ने विद्यादेवीलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको डीएसपी प्रकाश विष्टले बताए ।

# पुन:निर्माण कोषमा ४० करोड जम्मा गर्दै कोशी सरकार

झापा(प्रस) । कोशी प्रदेश सरकारले मर्मत तथा पुनःनिर्माण कोषमा ४० करोड रूपैयाँ जम्मा गर्ने भएको छ। असोज दोस्रो साताको अविरल वर्षाका कारण पुगेको क्षतिको पुनःनिर्माण र मर्मतसम्भारका लागि सरकारले कोष निर्माण गरेको छ। उक्त कोषमा ४० करोड रूपैयाँ जम्मा गरेर काम अघि बढाउने निर्णय भएको सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री लिलाबल्लभ अधिकारीले जानकारी दिए। ‘बाढी, पहिरो, डुबानजस्ता प्रकृतिक प्रकोपका कारण क्षतिग्रस्त बनेका संरचनाको पुनःनिर्माण र मर्मतसम्भारका लागि सरकारले मर्मत तथा पुनःनिर्माण कोष बनाएको छ। त्यही कोषमा तत्काल ४० करोड रुपैयाँ जम्मा गरेर काम सुरु गर्ने निर्णय भयो,’ उनले भने ।

प्रदेश सरकारको बुधबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय लिएको हो।

बैठकपछि मन्त्री अधिकारीले कटौती

❖ बाँकी तेस्रो पृष्ठमा

# भद्रपुरमा अखाद्य र म्याद गुज्रिएका सामान जफत



भद्रपुर(प्रस) । झापाको सदरमुकाम रहेको भद्रपुरमा बजार अनुगमनलाई तीव्रता दिइएको छ ।खाद्य सामग्रीको बढी उपभोग हुने चाड तिहार नजिकिँदै गएको बेला नगरपालिकाले विभिन्न किराना तथा मिठाइका परिकारहरु बनाइने होटलहरुको अनुगमन गरेको छ ।

उपप्रमुख तथा अनुगमन समितिकी संयोजक राधा कार्कीको नेतृत्वमा लगातार दुई दिन गरिएको अनुगमनका क्रममा केही पसलहरुबाट म्याद गुज्रिएका, अखाद्य रङ मिसाएर बनाइएका खाद्य पदार्थ फेला परेको र ती सामग्री जफत गरिएको नगरपालिकाको राजश्व शाखा प्रमुख तथा बजार अनुगमन समितिका सदस्य सचिव सुशील कर्णले जानकारी दिए। मंगलबार र बुधबार नगरका २८ वटा पसलमा अनुगमन गरिएको उनले जानकारी दिए ।

कर्णका अनुसार मंगलबार भद्रपुर १ को सीता किराना पसल, घिमिरे किराना पसल, गंगाा किराना, कृष्ण किराना, उर्मिला किराना पसल शिवशरण राजवंशीले सञ्चालन गरेको टेलर्स, भद्रपुर २ मा साई भण्डार, सलिना किराना, नविन किराना, धुमला भेराइटिज, भद्रपुर ८ मा हाम्रो किराना, सगरमाथा डेरी, निरज किराना, पाथिभरा ज्वेलर्स, पाण्डे पान पसल र गायत्रीप्रसाद रिजालले सञ्चालन गरेको पसलमा अनुगमन गरिएको थियो भने बुधबार भद्रपुर ५ को कृष्ण किराना, शिवम् किराना, भद्रपुर ८ को दिपमन फलफूल पसल, अनु स्टोर, आधुनिक फ्रेस हाउस, भद्रपुर ९ को नूरी किराना, उमा किराना, गंगा किराना, कविता किराना, भण्डारी किराना, पारिजात मिनी मार्ट, पौडेल किराना, सिताराम स्टोर्स र शुभम् स्टोरमा अनुगमन गरिएको छ ।

अनुगमन टोलीमा खाद्य तथा गुण नियन्त्रण कार्यालयकी खाद्य अनुसन्धान अधिकृत संगीता शाह, जिल्ला प्रशासन कार्यालय झापाका जगन्नाथ गरागाईं, घरेलु तथा साना उद्योग कार्यालयका जानकी भट्टराई, गुणस्तर तथा नापतौल कार्यालयका हरेराम महतो कामिन राजवंशी, झापा उद्योग वाणिज्य संघका विशिष्ट सदस्य खड्क लिम्बू नगरपालिकाको कानून शाखाका प्रमुख राजेन्द्रप्रसाद ढकाल, वडा प्रहरी कार्यालय भद्रपुरका सुमन मगर, नगर प्रहरीलगायत सहभागी रहेको कर्णले जानकारी दिए ।

अघिल्ला अनुगमनहरुले बजारमा सकारात्मक प्रभाव पारेको बताउँदै अनुगमन टोलीकी संयोजक कार्कीले यसपटकको अनुगमनका क्रममा व्यवसायीहरुमा निकै सचेतता भएको पाइएको बताइन् । ‘अघिल्लो वर्ष हामीले म्याद गुज्रिएका, फाहोर-सडेगलेका, अखाद्य मिसावट गरिएका सामग्री धेरै बरामद गरेका थियौं, यसपटकको अनुगमनमा त्यस्ता सामग्री निकै कम बरामद गरिएको छ, यसको अर्थ सबैमा सचेतना आउँदै गएको छ भन्ने बुझ्नुपर्ने हुन्छ ।’ बजार अनुगमनलाई निरन्तरता दिइने बताउँदै संयोजक कार्कीले उपभोक्ता पनि सदैव सजग र सचेत रहनुपर्ने औंल्याइन् । उनले सामान किन्दा त्यो सामानको म्याद हेर्न र अनिवार्य रुपमा सामानको बिल लिन भद्रपुरवासी उपभोक्ताहरुलाई आग्रह पनि गरेकी छन् ।

# दुधे बजारमा छैन शौचालय, यात्रुलाई कष्ट


• विनोद सापकोटा

झापा । सिंगो बजारमा एउटा पनि सार्वजनिक शौचालय छैन भन्दा धेरैलाई विश्वास लाग्दैन । विश्वास नलाग्ने कारण पनि छ । त्यो हो- ०७४ सालको चैत्र २५ गते झापाको शिवसताक्षी खुल्ला दिसामुक्त नगर घोषणा भइसकेको हो । तर, नयाँ सहरको रूपमा विकास भइरहेको नगरको ठुला बजारमध्येको दुधेमा अहिलेसम्म एउटा पनि सार्वजनिक शौचालय बन्न सकेको छैन ।

शौचालय नहुँदाको पीडा अहिले पर्यटक, बटुवा र सवारी साधनका यात्रुमा छ । नगरकै ठुलो सहरोन्मुख बजारमा तिनै पर्यटक, बटुवा र सवारी साधनका मजदुरदेखि यात्रीसम्म चिनजानकादेखि आफन्तको निजी शौचालय खोज्न दिनहुँ भौँतारिने गर्छन् ।

यो समस्या वर्षौंदेखिको हो । यतिमात्र होइन, आफूलाई आवश्यक परेको समयमा सार्वजनिक शौचालय नभेटेपछि अमूक पसल र होटलमा पुगेर शौचालय प्रयोग गर्न उनीहरु बाध्य छन् । आफन्त र चिनजानका मानिसको घरमा ताला लागे उनीहरु होटलमा चिया, नास्ता, चुरोट खाने बहाना बनाएर शौच गर्न जान्छन् ।

साताको शनिवार दुधे बजार बन्द हुन्छ । त्यसदिन शौचालयको आवश्यक परे झाडी, बिजुलीको पोल, पार्किङ गरिएका सवारीका साधनमा छलिएर शौच गर्न दुधेका सर्वसाधारण यात्री बाध्य छन् । ती ठाउँ असुरक्षित महसुस गर्ने स्थानीय भने कटकटी खाएको पेटसंगै घर पुग्ने गरेका छन् ।



महोत्तरीबाट दुधे आएका राम महतोलाई मंगलबार कटकटी पेट खाएको थियो । उनले स्थानीयलाई सार्वजनिक शौचालय कहाँ छ भनेर सोधे । स्थानीयले पनि शौचालय नभएको जानकारी दिए । उनले विकल्प खोजीदिन स्थानीयलाई अनुरोध गरे । तर उनले शौचालय पाएनन् । उनी नजिकैको दुधे खोलामा पुगे र छलिएर खुल्ला शौच गरे । दुधे आएर शौचालय गर्न नपाएर दुःख पाउनेमध्येका उनी एक पीडित हुन् । दुधे बजारमा यत्तिका लामो समयसम्म किन सार्वजनिक शौचालय नबनेको होला भनेर उनी अचम्भित भए । ‘नयाँ मान्छेलाई त यहाँ गाह्रै हुँदो रहेछ । ग्राहक बनेर होटलमा जानुको विकल्प हुँदैन । नौलो मान्छेलाई दुधेमा ठुलो समस्या रहेछ नि !’ महतोले भने ।

मानिसका लागि शौचालय त अति आवश्यक पूर्वाधार हो । तर, दुधे बजारमा एउटा पनि सार्वजनिक शौचालय नहुनु शिवसताक्षी नगरको ठुलो कमजोरी भएको महतोले बताए । नगरपालिकाले अहिलेसम्म सार्वजनिक शौचालय निर्माण गर्न नसक्नुले सयौ मानिस पीडित हुनुपरेको उनले बताए । शिवगञ्जका राम चौधरीको गुनासो पनि उस्तै छ । ‘यत्रो ठूलो बजारमा सार्वजनिक शौचालय त हुनु पर्ने हो । बाहिरबाट आउने र चिनजानका मानिस नहुने यात्रुले समस्या भोग्नु परेको छ’, उनले भने ।

अटोरिक्सा चालक ज्ञानबहादुर तामाङले शौचालय सोध्ने यात्रुलाई विकल्प दिन नसकिएको गुनासो गरे । ‘बाहिरबाट आउने यात्रुहरू शौचालय कहाँ छ भन्छन् । हामीले कहाँ देखाइदिने ?’, दाहालले भने, ‘होटलतिर गएर चिया, चुरोट मागेर शौचालय खोजेर शौच गर्नुपर्ने अवस्था छ ।’

शौचालय निर्माण गर्ने विषयलाई शिवसताक्षी नगरपालिकाले गम्भीरतापूर्वक नलिएको दाहालको गुनासो छ । दाहाल भन्छन्, गुट्खा, चिया, चुरोटलगायतका वस्तु प्रयोग नगरे स्थानीय होटलवालाले शौचालय प्रयोग गर्न दिदैनन् । कहिल्यै सेवन नगरेकाले पनि यी वस्तु खरिद गरेपछि मात्र शौचालय प्रयोग गर्न पाउछन् ।’

अब, दुधे भएर पूर्वपश्चिम र उत्तरदक्षिण जाने सर्वसाधारणको सदियौदेखिको समस्या दूर हुने भएको छ । वर्षौंदेखिको

❖ बाँकी अन्तिम पृष्ठमा

# आयोजक रोलिङ क्लब फाइनलमा प्रवेश

मेचीनगर(प्रस) । आयोजक क्लब धुलावारी अन्तर ष्ट्रिय आमन्त्रण आठौँ रोलिङ च्यालेन्ज कपको फाइनलमा प्रवेश गरेको छ ।

बुधवार धुलाबारी नुमना माविको खेलमैदानमा भएको पहिलो सेमिफाइनल खेलमा पाहुना टोली सम्राट स्पोर्टिङ क्लब विराटनगरमाथि ३-१ गोल अन्तरको सहज जित निकाल्दै रोलिङले फाइनलको यात्रा तय गरेको हो ।

खेलको १५ औँ मिनेटमा रोलिङ क्लबका रोहन कार्कीले पहिलो गोल गर्दै खेललाई अग्रता दिएका थिए ।

त्यस्तै, ३२ औँ मिनेटमा सम्राट स्पोर्टिङले पाएको पेनाल्टीलाई दोर्जे तामाङले सदुपयोग गर्दै खेललाई बराबरीमा पुऱ्याएका थिए । रोलिङ क्लबका गोलरक्षक अभिशेक बरालले विपक्षी खेलाडीलाई पेनाल्टी एरियामा फाउल गरेपछि सम्राटले पेनाल्टी प्राप्त गरेको थियो ।

यसैगरी खेलको ३६ अभिशेक गुरुङले गोल गर्दै २ - १ को अग्रता दिलाएका थिए । अनन्त तामाङको प्रहार विपक्षी डिफेन्सले क्लियर गर्न नसक्दा अभिषेकले मौकाको सदुपयोग गर्दै टिमलाई अग्रता दिलाएका थिए ।

खेलको ५३ औँ मिनेटमा भुवन बस्नेतले गोलरक्षकलाई बिट गर्दै गरेको प्रहारलाई गोललाइनबाट प्रशान्त लक्समले क्लियर गरेका थिए ।

यसैगरी खेलको ५९ औँ मिनेटमा आयोजक रोलिङले पाएको पेनाल्टीलाई उत्सव राईले जाली चुमाउँदै खेललाई ३-१ को अग्रता दिलाएका थिए । पेनाल्टी एरियामा सम्राटका अशोक खवासले उत्सवलाई फाउल गरेपछि पेनाल्टी प्राप्त गरेको थियो ।

खेलको ६२ औँ मिनेटमा सम्राटका दोर्जे तामाङले निकालेको क्रस पासलाई भुवन बस्नेतले जाली चुमाउन नसक्दा अग्रता घटाउनबाट चुकेको थियो ।

अधिकांश राष्ट्रिय खेलाडी मैदान उतारेको रोलिङले शनिवार हुने फाइनल खेलमा बिहीवारको बिजेतासँग प्रतिस्पर्धा गर्नेछ ।

खेलको प्लेयर अफ द म्याच रोलिङका प्रकाश लक्सम घोषित भए । उनले नगद पाँच हजार र ट्रफी पाए ।

उनलाई मेचीनगर नगरपालिकाका सामाजिक विकास अधिकृत अनन्तप्रकाश वस्ती, क्लबका पूर्व अध्यक्ष महेन्द्र लिम्बू, मेचीनगर ९ का वडा अध्यक्ष कन्चन तामाङलगायतले नगद तथा ट्रफी प्रदान गरे ।

बिहीवार हुने अन्तिम सेमिफाइनल खेल पाहुना टोली मानेभन्ज्याङ फुटबल क्लब दार्जेलिङ र रेड हर्स इलामबीच हुने आयोजक रोलिङ क्लबका सचिव महेश खड्काले जानकारी दिए ।



प्रतियोगिताको फाइनल खेल कात्तिक १० गते हुनेछ । प्रतियोगिताको विजेताले नगद ३ लाख र उपविजेताले नगद एक लाख ५० हजार, ट्रफी र मेडल पाउने अध्यक्ष नोबेम्बर नेम्वाङले बताए । प्रत्येक खेलको प्लेयर अफ द म्याचले ५ हजार रुपैयाँ पाउँदा विधागत पुरस्कार नगद १५ हजार रुपैयाँ पाउने छन् ।

# बिर्तामोड र दमक लखनपुर सेमिफाइनलमा

समाल्बुङ(प्रस) । पूर्वेली भेट्रान्स बिर्तामोड र दमक लखनपुर भेट्रान्स इलामको सूर्योदय नगरपालिका-५ समाल्बुङमा जारी दोस्रो गोरख भेट्रान्सको सेमिफाइनलमा प्रवेश गरेका छन् । सामसुङ मेमोरियल मैदानमा जारी प्रतियोगिताको उद्घाटन खेलमा पूर्वेलीले गत संस्करणको उपविजेता एमसीसी भेट्रान्स फिक्कललाई ४-२ गोल अन्तरले हराएको हो ।

खेलको सुरुवाती अग्रता फिक्कलले लिएको थियो । सुजन राईले पहिलो हाफको १९ औ मिनेटमा गोल गरे । दोस्रो हाफको सुरुवाती मिनेटमा सन्तोष राईले खेल बराबरी गरे । चौथो मिनेटमा प्रविन विश्वकर्माले फिक्कललाई अग्रता दिलाए । १० औ मिनेट कर्ण लिम्बूले फ्रिकिकमार्फत खेल बराबरीमा ल्याए । बराबरी भएको एक मिनेट नवित्दै सन्तोष राईले व्यक्तिगत दोश्रो गर्दै विर्तामोडलाई अग्रता दिलाए । दोस्रो हाफको १६ औ मिनेटमा राजकुमार विकले गोल गरेपछि ४-२ गोल अन्तरको जितका साथ बिर्तामोडले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो ।

खेलको म्यान अफ दि म्याच बिर्तामोडका सन्तोष राई घोषित भए । दोस्रो खेलमा दमक लखनपुरले पाहुना टोली दार्जिलिङको जिजे भेट्रान्सलाई ३-२ गोल अन्तरले हराएको हो । लखनपुर दमकको तर्फबाट सुवास आङथुपोले २ र विकास राईले १ गोल गरे । दार्जिलिङका गौतम थापा र अर्जन राईले गोल गरे । खेलको म्यान अफ दि म्याच सुवास आङथुपो घोषित भए । प्रतियोगिताको तेस्रो क्वाटरफाइनल खेलमा बरमियोक नाम्पिङ सिक्किम र आयोजक गोरख भेट्रान्स तथा चौथो क्वाटरफाइनल खेलमा युएफसी भेट्रान्स बुङकुलुङ भारत र फेमेगुरु भेट्रान्स सन्दकपुरबिच प्रतिस्पर्धा हुनेछ । गोरख भेट्रान्स कपका संरक्षक राजु बम्जनको अध्यक्षतामा भएको कार्यक्रममा इलाम क्षेत्र नं २ का सांसद एवम स्पोर्टिङ इलाम एफसी डी मेचीका अध्यक्ष सुहाङ नेम्वाङको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा सूर्योदय नगरपालिका-२ का वडाध्यक्ष एवम सामाजिक विकास समिति संयोजक डिक बम्जन, वडा नं ५ का वडाध्यक्ष उर्गेन बम्जन, रोङ गाउँपालिका-६ का वडाध्यक्ष सत्यम चौरासेको विशेष आतिथ्यता रहेको थियो ।कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेम्वाङले विकास र समृद्धिका लागि खेलकुद महत्वपूर्ण रहेको बताए । उनले खेलकुद विकासमा आफ्नो तर्फबाट सहयोगको प्रतिवद्धता समेत जनाए । नेम्वाङले समाल्बुङ क्षेत्रमा पर्यटन र खेलकुदको सम्भाव्य क्षेत्र भएको बताए । विशेष अतिथि डिक बम्जनले नगरपालिकाले खेलकुद विकासलाई प्राथमिकतामा राख्दै अन्तर मावि फुटबल संचालन गरिरहेको बताए । उनले खेलकुद स्वास्थ्यका लागि समेत महत्वपूर्ण रहने बताए । कार्यक्रममा गोरख युनाइटेड क्लबका सचिव निरोज बम्जनले गरेका थिए । प्रतियोगिता गोरख टोल विकास संस्थाको आयोजना र गोरख युनाइटेड क्लबको सहआयोजनामा भएको हो ।

# झापा गापामा विश्व हिन्दु परिषद गठन

कुमरखोद(प्रस) ।झापा गाउँपालिकामा विश्व हिन्दु परिषद नेपालको गाउँपालिका स्तरीय समिति गठन भएको छ । ज्ञाननाथ उप्रेतीको अध्यक्षतामा १५ सदस्यीय गाउँपालिका स्तरीय समिति गठन भएको हो ।



समितिको उपाध्यक्षमा भुपेन्द्र कटुवाल , सचिव सूर्यबहादुर भट्टराई ,कोषाध्यक्ष मनोजकुमार राजवंशी , युवा प्रमुख ध्रुवकुमार यादव , सम्पर्क प्रमुख भीम घोसर्नि , सेवा प्रमुख रुकमनी सोरेन , न्याय क्षेत्र प्रमुख गोपाल राउत , मन्दिर प्रमुख विष्णुप्रसाद गणेश , गौंरक्षा प्रमुख डेम्रा हेमरम, सत्संग प्रमुख यसोदा पोखेल , मातृशक्ति प्रमुख यामकुमारी पौडेल , सदस्य राजकुमार महत्तो , लक्ष्मी पनेरु , कृत विष्ट , चन्द्रकला अधिकारी र केशरवहादुर चम्लागाँई चयन भएका छन् ।

झापा बजारमा रहेको सामुदायिक रेडक्रसको भवनमा ज्ञाननाथ उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा विश्व हिन्दु परिषद केन्द्रीय संगठन विभागका सचिव प्रल्हाद रेग्मीको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा विशिष्ठ अतिथि विश्व हिन्दु परिषदका जिल्ला अध्यक्ष होमनाथ ढुङ्गेल , अतिथिहरु जिल्ला उपाध्यक्ष देवेन्द्रकिशोर ढुङ्गाना , जिल्ला सचिव सत्येन्द्रकुमार कर्ण , भारत दिघलबैंक प्रखण्ड बजरंगदल संयोजक मुरलीधर झा , दिघलबैक प्रखण्ड बजरंगदल पूर्वसंयोजक गणेशकुमार सिंह , प्रखण्ड मन्त्री सन्तोष चौधरी र स्थानीयहरुको सहभागिता रहेको थियो ।

## दुधे....

समस्यामा स्थानीय दुधे बजार विकास समिति खम्बा भएर ठिङ्ग उभिएपछि सर्वसाधारणको समस्या किनारा लाग्ने भएको हो ।

दुधे बजार विकास समितिले गएको नौरथादेखि विजयादशमीसम्म सार्वजनिक दुर्गा पूजा आयोजना गर्यो । यो कार्यक्रमसंगै मिनी महोत्सवको पनि आयोजना गर्यो । यी दुई कार्यक्रमले शौचालय निर्माणको लागि हौसला बढाएको बजार विकास समितिले जनाएको छ ।

यी दुई कार्यक्रमले समितिलाई हौसला बढाएपछि बजार विकास समितिले हाउजी (बिङ्गो) खेलको आयोजना गर्यो । उक्त खेलबाट दुधे बजार विकास समितिले राम्रै आर्थिक सफलता प्राप्त गर्यो ।समितिका अध्यक्ष सन्तोष थोप्राले भने, 'दुधे बजारको ठुलो समस्या भनेकै सार्वजनिक शौचालय नहुनु हो । अब हाउजी (बिङ्गो) खेलबाट प्राप्त भएको रकमले दुधेमा सार्वजनिक शौचालय निर्माण हुने छ ।' उनले नगरपालिकासंग समन्वय गरेर सार्वजनिक शौचालय निर्माण हुने बताए ।

हाउजी खेलबाट बजार विकास समितिले १० लाख १८ हजार बचत गर्न सफल भयो । समितिका अध्यक्ष थोप्राका अनुसार सार्वजनिक दुर्गा पूजाबाट पनि ७ हजार बचत भएको थियो । थोप्राले भने, ' यी सार्वजनिक कार्यक्रमबाट बचाउन सकिएको रकममध्ये ५ लाख सार्वजनिक शौचालय निर्माणमा खर्च हुने छ ।' बाँकी रहेको रकम बजारको राम मन्दिर जिर्णोद्धारका लागि १ लाख, हटिया लाग्ने बजार क्षेत्रमा सर्वसाधारणका लागि आराम चियर खरिद गर्न ६० हजार र दुधे बजारको सडक बत्ती मर्मत र महशुलका लागि २ लाख ५० हजार रुपैयाँ विनियोजन भएको छ ।

समितिको ५ लाखले सुविधासम्पन्न सार्वजनिक शौचालय निर्माण गर्न त पुग्दैन । अध्यक्ष थोप्राले भने, 'सार्वजनिक शौचालय निर्माण गर्ने पहिलो दायित्व स्थानीय सरकारको हो । स्थानीय सरकारलाई अनुनय विनय गर्नुको विकल्प समितिसंग छैन । शिवसताक्षी नगरमा एउटा नेतृत्व फेरिएर अर्को नेतृत्व आएको छ । आशा गरौ यो नेतृत्वले बजारबासीको सदियौदेखिको गुनासो सम्बोधन गर्नेमा बजार विकास समिति विश्वस्त छ ।'

यता शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्कीले अब बस्ने कार्यपालिका बैठकमा सार्वजनिक शौचालय निर्माणका लागि एजेन्डा प्रस्तुत हुने बताइन् । 'चालु आर्थिक वर्षभित्रैमा कुनै पनि हालतमा सार्वजनिक शौचालय निर्माण हुन्छ,' उनले भनिन् 'शौचालय निर्माणका विषयमा कुनै पनि कारणले शंका गर्नुपर्दैन । यो आवश्यकता नै हो । स्थानीय बजार विकास समितिकै पहलमा नगरपालिकाले शौचालय बनाउँछ ।' समितिले दुधे बजारको संभावित दुई क्षेत्रमध्ये एउटा स्थानमा सार्वजनिक शौचालय निर्माणको योजना बनाएको छ । अध्यक्ष थोप्राका अनुसार हाटबजार लाग्ने सार्वजनिक जग्गा क्षेत्र र राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालय जाने सडक आसपासको जग्गा क्षेत्रमा शौचालय निर्माण हुनसक्ने थोप्राले बताए । करिव २५ लाख बराबरको लागतमा अत्याधुनिक शौचालय निर्माण गर्ने योजना बजार विकास समितिले बनाएको छ । झापामा शिवसताक्षीको दुधे बजार बिकास समितिले अन्य बजारको तुलनामा रचनात्मक र अपरिहार्य कार्य गरेर बजारबासीको मन जितेको स्थानीयले बताए । सडक सरसफाई, फराकिलो सडकमा गमलासहितको फूलको डिभाइडर, सडक बत्ती, लागूऔषध विरुद्धको अभियान, बजार अनुगमन र विभिन्न सचेतनामुलक जस्ता कार्यक्रमले समितिको गरिमा उचो बनाएको बजारबासीले बताएका छन् ।







## ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति२०८१।०७।०८गते)

यस आबद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित व्यक्तिहरुले विभिन्न समयमा लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जनालगायतका रकम शर्त बमोजिम समय समयमा संस्थामा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटकपटक मौखिक, लिखित, घरमै पुगी तथा टेलिफोनबाट जानकारी गराउँदा समेत सो कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नुभएकोले यो सूचना यस राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु होला । तपसिलमा उल्लेखित तपाई ऋणीहरुको उक्त समय भित्रमा कर्जा असुल नभएमा तपाई र तपाईको एकाघर परिवारको चल-अचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा संस्थाको नीति नियम एवं सहकारी ऐन २०७४, नियमावली २०७५ तथा नेपाल सरकारको प्रचलित कानुन बमोजिम सम्बन्धित धितोबाट र सो धितोले नपुगेमा ऋणीलाई कालो सूचीमा सूचिकृत गरी ऋण असुली प्रक्रियामा जाने व्यहोरा जानकारी गराईन्छ ।

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण | जमानत दिनेको नाम | ऋण लिएको मिति |
|---|---|---|---|---|
| १. | नाम : मिनादेवी खड्का<br>ठेगाना : बिर्तामोड- ५<br>ना. प्र. नं. : ०२/१२८६१/२७१<br>बाबुको नाम :सेर वहादुर खड्का<br>बाजेको नाम:विर वहादुर खड्का<br>पति वा पत्नीको नाम:देवेन्द्र पौडेल | जग्गाधनीको नाम:मिनादेवी खड्का<br>जग्गाधनीको बुबाको नाम :सेर बहादुर खड्का<br>बाजे/पतिको नाम : बिर बहादुर खड्का/देवेन्द्र पौडेल<br>जग्गा रहेको ठेगाना : अनारमनी- ३<br>कित्ता नं. : १६८७<br>क्षेत्रफल : १३५.४५ ब.मि. | नाम : मौसम पौडेल<br>बुबाको नाम:देबेन्द्र पौडेल | २०७७/१०/२२ |
| २. | नाम : इश्वरी खतिवडा<br>ठेगाना : बिर्तामोड -५<br>ना. प्र. नं. :७२५९९।२४४<br>बाबुको नाम:भिम प्रसाद खतिवडा<br>बाजेको नाम:घनश्याम खतिवडा<br>पत्निको नाम : हेमकला बराल | जग्गाधनीको नाम : इश्वरी खतिवडा<br>जग्गाधनीको बुबाको नाम : भिम प्रसाद खतिवडा<br>बाजे/पतिको नाम : घनश्याम खतिवडा<br>जग्गा रहेको ठेगाना : अनारमनी -१<br>कित्ता नं. : २१५<br>क्षेत्रफल : २५३.९५ व.मि. | नाम : हेमकला बराल<br>बुबाको नाम : केदार नाथ बराल | २०७८/०४/२४ |
| ३. | नाम:उज्वल बस्नेत<br>ठेगाना : भद्रपुर न.पा.-१०, झापा<br>ना. प्र. नं. :०४-०१-७३-०४६०१<br>बाबुको नाम : देवेन्द्र बस्नेत<br>बाजेको नाम:सिताराम बस्नेत | जग्गाधनीको नाम : देवेन्द्र बस्नेत<br>जग्गाधनीको बुबाको नाम : सिताराम बस्नेत<br>बाजे/पतिको नाम : नर वहादुर बस्नेत<br>जग्गा रहेको ठेगाना : भद्रपुर न.पा.- १०, झापा<br>कित्ता नं. : २३२ र २३४ क्षेत्रफल : १३०.१५ र १२३.८० ब.मि. | नाम : देवेन्द्र बस्नेत<br>बुबाको नाम : सिताराम बस्नेत | २०७५/१२/२८ |

ऋण असुली समिति

**आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.**

विर्तामोड-५, जात्रुवाडी झापा

०२३-५३५३९६



## आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. को १२ औं वार्षिक साधारणसभाको सूचना

प्रथमपटक प्रकाशित मिति-२०८१/०६/ ०८

उपरोक्त सम्बन्धमा यस आबद्ध बचत तथा ऋण सहकारी संस्थाको मिति २०८१ भाद्र ०१ गते शनिबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको १२ औं वार्षिक साधारणसभा तपशिलका विषयमा छलफल तथा निर्णयका लागि सहकारी विभागको सहकारी संस्थाको साधारणसभा सञ्चालन सम्बन्धी जारी निर्देशिका बमोजिम यो साधारणसभा सम्पन्न गर्नुपर्ने भएको हुँदा तपशिलको समय र स्थानमा सभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारणसभा हुने :**

मिति : २०८१/०८/१७ गते सोमबार

समय : विहान १०:०० बजे

स्थान : कनकाई न.पा.२, जामुनखाडीको सभाहल

**साधारणसभामा छलफल हुने विषयहरू :**

- सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/८१ को वार्षिक प्रगति प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
- आ.व. २०८०/८१ को लेखा समितिको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
- आ.व. २०८०/८१ को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
- अन्य कोषहरुको रकम जगेडा कोषमा स्थानान्तरण गर्ने सम्बन्धमा ।
- आगामी आ.व. २०८१/८२ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम र बजेटमाथि छलफल गरी अनुमोदन/पारित गर्ने सम्बन्धमा ।
- आ.व.२०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
- कार्यविधिहरु स्वीकृत गर्ने, अनुमोदन गर्ने, तथा संशोधन गर्ने सम्बन्धमा ।
- निर्णय पुस्तिकामा हस्ताक्षर गरी निर्णय गर्नको लागि शेयर सदस्यहरु मध्येबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
- कर्मचारी बोनस तथा शेयर सदस्यज्यूहरु लाई लाभांश वितरण गर्ने सम्बन्धमा ।
- संस्थाको विनियम २०६९ लाई संशोधनसहित पुनर्लेखन २०८१ स्वीकृत गर्ने सम्बन्धमा ।
- विविध ।

*नोट : संस्थाले सदस्यका सन्ततिहरु मध्ये SEE मा उत्कृष्ट अंक ल्याई उतीर्ण हुने निजी र सरकारी विद्यालयबाट १/१ छात्र र १/१ छात्रालाई सम्मान गर्ने भएको हुँदा तपाईका नानीहरु पनि त्यसका लागि दावेदार भएमा लब्धाङ्क पत्र, निवेदन र एक प्रति फोटोसहित मिति २०८१।०८।१२ गते सम्ममा संस्थाको कार्यलयमा बुझाउनुहुन अनुरोध छ ।*

अध्यक्ष
नन्दमान भट्टराई (नरेश)
आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.
विर्तामोड-५, जात्रुबाडी झापा
०२३५३५३९५/०२३५३६७०५/०२३४६५०८२
aabaddha.coop.np


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# न्याय महँगो नहोस्

अहिले न्यायालयहरू न्याय दिनेभन्दा पनि फैसला गर्ने आहरूमा परिणत भएका आरोप लाग्दै आएका छन्। त्यसैगरी ढिलो न्यायको परिपाटीले न्याय पाउँदा पीडित पक्षको मृत्युसमेत भइसकेको धेरै घटना सार्वजनिक भएका छन्। अर्कोतर्फ न्याय पैसा र पहुँचसँग जबर्जस्ती जोडिएको आरोप मात्र हैन, कतिपय प्रमाण नै बाहिरिएका छन्। यस्तो अवस्थामा न्यायपालिकामा देखिएका विकृति/विसंगति छिमलेर यसलाई साँच्चै न्यायको थलो बनाउन आवश्यक छ। त्यसैले प्रधानन्यायाधीशले अहिले यो अवस्था महसुस गर्नु नै ठूलो कुरा हो। अब पुनःसंरचनाको गतिलाई वास्तवमै व्यहारमा उतारेर अघि बढे भने उनले नेपालको न्यायिक इतिहासमा सुनौलो नाम लेखाउन सक्छन्।

न्यायालयको विकृति विसंगतिसम्बन्धी प्रतिवेदन यसअघि नै तयार भइसकेको छ। जसको निर्माणमा प्रकाशमानसिंह राउत पनि संलग्न थिए। त्यसैले सुधानुपर्ने पक्षबारे उनले धेरै घोत्लिन आवश्यक छैन। यसैलाई मार्गदर्शनका रूपमा स्वीकारेर अघि बढ्दा उचित हुनेछ। जहाँसम्म न्यायाधीश नियुक्तिलगायत केही विषयमा प्रधानन्यायाधीशकै अधिकार कटौती गरेको यो प्रतिवेदन उनले हुबहु कार्यान्वयन गर्लान् कि नगर्लान् भन्ने आमजिज्ञासा भने कायमै छ।

पुनः संरचनाका क्रममा मुद्दामा स्वचालित प्रणाली लागु गर्ने कि नगर्ने, दुई वर्षअघिदेखि थालिएको गोला प्रथाको दुरुपयोग रोक्ने कि नरोक्ने, आफन्तलाई न्यायाधीश नियुक्तिका लागि अग्रपंक्तिमा राख्ने कि नराख्ने जस्ता विषय उठ्नु स्वाभाविक हो। त्यसैगरी बार र बेन्चबीच बेलाबेला उत्पन्न हुने विवाद निरूपण गरेर अघि बढ्नुपर्ने अवस्था विद्यमान छ। यही कारण बारले बेन्चलाई र बेन्चले बारलाई औँलो ठड्याउने परिस्थितिले दुवै पक्षलाई पोल खोलाखोल गर्न मात्र सघाएको छ। यस्तो अवस्थामा यो विवादको मुख्य स्रोत न्यायपरिषद् नियमावली संशोधनको विषय पनि पुनःसंरचनाकै एउटा पाटोका रूपमा अगाडि आएको छ।

न्याय किनबेचको वस्तु बनेको आमगुनासो यतिबेला व्यापक छ। पैसाले न्याय किन्ने सकिने आमधारणा पनि यसबीच गतिलैसँग मौलाइरहेको छ। खासगरी न्याय क्षेत्रमा क्रियाशील अधिवक्ता, न्यायाधीश र यो क्षेत्रसँग जोडिएका कर्मचारीकै कारण यस्तो अवस्था सिर्जना भएको हो। त्यसैले न्यायालयलाई वास्तवमै न्यायिक थलो बनाउने र न्यायाधीशलाई साँच्चै न्याय मूर्तिका रूपमा स्थापित गराउने हो भने माथि उल्लिखित समस्या छिमलेरै अघि बढ्नुको विकल्प छैन।

एकातिर न्यायाधीशको संख्या घट्दै जाने अर्कोतिर मुद्दाको संख्या भने बढ्दै जाने अवस्थाले अदालतहरू मुद्दा छिन्ने हैन, मुद्दा राख्ने अभिलेखालयमा परिणत भएका छन्। अनि कहिल्यै पेसीको पालो नआउने भएकाले अदालतमा मुद्दा हालिदिनु भनेको कसैलाई लामै समय दुःखको आहालमा डुबाइदिनु जस्तै भएको छ।


Pratidin National Daily प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# प्रभावकारी प्राविधिक परीक्षण



• ई. रमेशकुमार सिंह

सार्वजनिक निर्माण कार्यमा कामको गुणस्तर, लागतको प्रभावकारिता र आयोजनाको दिगोपना सुनिश्चित गर्न गरिने मूल्याङ्कन प्रक्रिया हो- प्राविधिक परीक्षण । यस प्रक्रियामा आयोजनाले ऐन, नियम, सार्वजनिक निर्माण निर्देशन र ठेक्का कागजात अनुसार काम गरेको छ कि छैन भन्ने पनि मूल्याङ्कन गर्छ । प्राविधिक परीक्षणले सार्वजनिक पूर्वाधारको गुणस्तर सुधार, निर्माण कार्यमा सार्वजनिक निर्देशिकाको पालना सुनिश्चित, वस्तु र सेवाको पारदर्शी खरिद प्रक्रिया, निर्माण सामग्रीको न्यूनतम प्रयोग र लागत हेरफेरमा कमी, वार्षिक मर्मतसम्भार खर्चमा कमी, परियोजनाको आयु लम्ब्याउने र परियोजना चक्रको कुल लागत घटाउने नै हो । सार्वजनिक पूर्वाधार निर्माणको गुणस्तर सुधार र लागतको प्रभावकारिता सुनिश्चित गर्न यसका सम्भावनालाई निम्न रूपमा उल्लेख गर्न सकिन्छ ।

नेपालमा सार्वजनिक पूर्वाधार निर्माणको क्षेत्र तीव्र रूपमा बढ्दै गएको छ, जसमा सडक, जलविद्युत्, खानेपानी, पुल, भवन, र ग्रामीण पूर्वाधार समावेश छन् । यी परियोजनामा लागत र गुणस्तरको पारदर्शिता आवश्यक छ, जसलाई प्राविधिक परीक्षणले प्रभावकारी रूपमा सम्बोधन गर्न सक्छ । ठुलो र दीर्घकालीन परियोजनाको सफल कार्यान्वयनका लागि प्राविधिक परीक्षण अपरिहार्य बन्न सक्छ । नेपालको पहाडी भौगोलिक संरचनाले निर्माण कार्यमा चुनौती थप्छ, जसले गर्दा परियोजना समय र लागतमा भेरिएसन हुने सम्भावना धेरै हुन्छ । यस्तो अवस्थामा प्राविधिक परीक्षणले पूर्वनिर्धारित मापदण्ड पालना भएको सुनिश्चित गर्न र आवश्यक सुधार गर्न सहयोग पुऱ्याउँछ ।

नेपालको सरकारी बजेटको ठुलो हिस्सा सार्वजनिक निर्माण कार्यमा खर्च हुन्छ । यस खर्चको सही उपयोग भएको छ कि छैन भनेर सुनिश्चित गर्न प्राविधिक परीक्षण एक महत्वपूर्ण साधन बन्न सक्छ । भ्रष्टाचार र अनियमितताको न्यूनीकरणका लागि पनि यसले प्रभावकारी भूमिका खेल्न सक्छ । किनकि सार्वजनिक खरिद प्रक्रियामा पारदर्शिता आवश्यक छ । प्राविधिक परीक्षणले स्थानीय जनशक्ति र दक्षतालाई सुदृढ बनाउन महत्वपूर्ण योगदान दिन सक्छ। यसले प्राविधिक परीक्षणका लागि आवश्यक जनशक्ति, उपकरण र प्रक्रियामा सुधार ल्याउन प्रोत्साहित गर्छ, जसले गर्दा नेपालमै दक्ष जनशक्ति उत्पादन हुने छ । नेपालमा निर्माण भएका संरचनाको दिगोपन र लामो समयसम्म टिकाउन प्राविधिक परीक्षण अत्यन्तै महत्वपूर्ण छ । यसले आयोजना निर्माणका हरेक चरणमा गुणस्तर सुनिश्चित गरेर पूर्वाधारको आयु लम्ब्याउन मद्दत पुऱ्याउँछ ।

नेपालमा विकास परियोजनामा विदेशी दातृ निकाय, जस्तै- एसियाली विकास बैङ्क, विश्व बैङ्क र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले लगानी गरिरहेका छन् । यी निकायले गुणस्तर र पारदर्शितामा जोड दिन्छन् । प्राविधिक परीक्षणको प्रभावकारी प्रयोगले दातृ निकायहरूबाट प्राप्त सहयोगको सदुपयोग र परियोजनाको सफल कार्यान्वयन सुनिश्चित गर्न सकिन्छ । यसको प्रभावकारी कार्यान्वयनले पूर्वाधारको गुणस्तरमा सुधार ल्याउने मात्र होइन, वार्षिक मर्मतसम्भार खर्चमा पनि कमी ल्याउँछ । गुणस्तरीय संरचना बनेपछि दीर्घकालीन मर्मतसम्भारको आवश्यकता कम हुने छ, जसले सरकारी स्रोत र समयको बचत हुने छ ।

यससम्बन्धी कानुनी र नीतिगत संरचना सशक्त रूपमा विकास भइरहेको छ । सरकारले गुणस्तरयुक्त सार्वजनिक निर्माणका लागि नियमावली र निर्देशिका बनाइसकेको छ । प्राविधिक परीक्षणले यी नीति तथा कानुनको कार्यान्वयनमा सघाउन सक्छ ।

२०६० सालमा मन्त्रिपरिषद्को निर्णयले राष्ट्रिय सतर्कता केन्द्रमा प्राविधिक परीक्षण महाशाखा गठन भयो, जसले प्राविधिक परीक्षणलाई थप प्रभावकारी बनाउने जिम्मेवारी पायो तर आर्थिक प्रशासनसम्बन्धी नियमावलीमा आवश्यक संशोधनहरू तत्काल गर्न सकिएन ।

**प्रभावकारी बनाउने उपाय**

प्राविधिक परीक्षणबाट औँल्याइएका केही प्रतिनिधि समस्यामध्ये निर्माण कार्यको समयमा निर्माण व्यवसायीले कार्यतालिका पेस गर्नुपर्ने भए पनि प्रायः यसलाई ध्यानमा राखिँदैन । भेरिएसनको आवश्यकता आयोजना सुरु हुनुअघि विस्तृत अध्ययन नगरीकन आउने गर्छ । निर्माण सामग्रीको गुणस्तरमा गुनासा आउँछन् र प्रायः दक्ष जनशक्ति र आवश्यक उपकरणको अभाव देखिन्छ । निर्माण अवधि लम्बिँदा नागरिकहरू समयमा सेवासुविधा पाउनबाट वञ्चित हुन्छन् । यी समस्यालाई समाधान गर्न राष्ट्रिय सतर्कता केन्द्रको प्राविधिक परीक्षणलाई अझ प्रभावकारी बनाउन निम्न उपाय अपनाउन सकिन्छ, जसले गर्दा सार्वजनिक निर्माण कार्यको गुणस्तर, पारदर्शिता र लागत प्रभावकारिता सुनिश्चित हुने छ ।

प्राविधिक परीक्षणको प्रभावकारिता बढाउन सबैभन्दा पहिलो र आवश्यक पक्ष भनेको केन्द्रमा काम गर्ने जनशक्तिको दक्षता वृद्धि गर्नु हो । यसले उनीहरूको प्राविधिक ज्ञान र परीक्षण क्षमतामा सुधार ल्याउँछ । अन्य देशहरूमा भइरहेको प्राविधिक परीक्षण प्रणालीको अध्ययन र नेपालमा अनुकूलन गर्न सकिने अभ्यास भित्र्याउन अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

प्राविधिक परीक्षणलाई अझ सटिक र द्रुत बनाउन प्राविधिक उपकरण र डिजिटल प्रविधिको प्रयोग आवश्यक छ । सटिक डाटा सङ्कलनका लागि ड्रोन सर्वेक्षण, जिआइएस प्रणाली र अन्य अनलाइन प्लेटफर्महरू प्रयोग गर्न सकिन्छ। देशभरका निर्माण परियोजनामा गुणस्तर परीक्षण गर्न आवश्यक उपकरणहरू र प्रयोगशालाको स्थापना तथा सुधार गर्नुपर्ने आवश्यकता छ। विश्वसनीय उपकरणहरूको उपलब्धता र प्रयोग अनिवार्य गर्नु पर्छ । प्राविधिक परीक्षणको नतिजा र प्रक्रिया जनसमक्ष खुला राख्नका लागि एक डिजिटल अनलाइन प्रणाली विकसित गर्न सकिन्छ। यसले पारदर्शिता बढाउने र भ्रष्टाचार तथा अनियमिततालाई न्यूनीकरण गर्ने छ । परीक्षणको प्रभावकारिता सुनिश्चित गर्न स्वतन्त्र तेस्रो पक्षको संलग्नता गराउन सकिन्छ, जसले निष्पक्ष रूपमा परीक्षण र मूल्याङ्कन गर्ने छ ।

राष्ट्रिय सतर्कता केन्द्रले अन्य सरकारी निकाय, अन्तर्राष्ट्रिय दातृ संस्थाहरू र निजी क्षेत्रसँग सहकार्य गरेर प्राविधिक परीक्षणको प्रक्रिया सुधार्न सक्छ । यसले योजना, कार्यान्वयन र परीक्षण प्रक्रियामा समन्वयात्मक दृष्टिकोण विकसित गर्न सहयोग पुऱ्याउँछ । स्थानीय निकायलाई पनि प्राविधिक परीक्षण प्रक्रियामा सहभागी गराउन सकिन्छ, जसले स्थानीय स्तरमा योजना कार्यान्वयन र गुणस्तरको अनुगमनमा सहयोग पुऱ्याउँछ । स्पष्ट मापदण्ड र निर्देशिकाहरू तयार गरेर तिनीहरूको कडाइका साथ कार्यान्वयन गर्नु पर्छ । यी मापदण्ड परियोजनाको प्रत्येक चरणमा लागु गर्नुपर्ने हुन्छ, जस्तै डिजाइन, निर्माण सामग्रीको गुणस्तर, समय तालिका, बजेट इत्यादि । निर्देशिकाहरूलाई नियमित रूपमा समीक्षा गर्दै, नयाँ प्रविधि र विधि समावेश गरेर अद्यावधिक गर्नु पर्छ ।

नतिजालाई आधार मानेर आयोजनाको प्रगति नियमित अनुगमन गर्नु पर्छ । निर्माण कार्यका क्रममा समयमै अनुगमन नगर्नाले धेरै समस्या आउने भएकाले अनुगमन प्रणालीलाई अझ सशक्त बनाउनु पर्छ । हरेक प्राविधिक परीक्षणपछि विस्तृत मूल्याङ्कन रिपोर्ट तयार गर्नु पर्छ, जसले आयोजनाको गुणस्तर र पारदर्शितामा सुधार गर्न मार्गदर्शन दिन्छ । राष्ट्रिय सतर्कता केन्द्रले प्राविधिक परीक्षणका नतिजाहरूका आधारमा नियमित समीक्षा बैठक आयोजना गर्नु पर्छ । यसले परीक्षणका क्रममा भेटिएका समस्याको समाधान गर्न र सुधारका लागि सुझावहरू दिन मद्दत पुऱ्याउँछ । प्राविधिक परीक्षणका क्रममा भएका गल्तीबाट पाठ सिकेर आगामी आयोजना निर्माणमा सुधार गर्न सकिन्छ । निर्माण सम्पन्न भइसकेका परियोजनामा गरिएको प्राविधिक परीक्षणको नतिजालाई आधार मानी भविष्यमा सम्भावित समस्या समाधानका उपाय अगाडि बढाउन सकिन्छ ।

निष्कर्ष

सार्वजनिक निर्माण कार्यको गुणस्तर सुधार्न र आयोजना दिगो बनाउन प्राविधिक परीक्षण महत्वपूर्ण छ । यद्यपि यसको सफल कार्यान्वयन सबै सरोकारवालाको जिम्मेवारी हो । यो साध्य होइन, साधन मात्र हो । यसलाई प्रभावकारी बनाउन गुणस्तरीय निर्माणको प्रतिबद्धता आवश्यक छ । राष्ट्रिय सतर्कता केन्द्रले यसको प्रभावकारिता बढाउन क्षमता विकास, प्रविधिको प्रयोग, पारदर्शिता, समन्वय, स्पष्ट निर्देशिका, अनुगमन र मूल्याङ्कन जस्ता उपायमा ध्यान दिनु पर्छ । यी उपायले निर्माण कार्यको गुणस्तर सुधार्ने, भ्रष्टाचार नियन्त्रण गर्ने र सार्वजनिक निर्माण परियोजनाको सफल कार्यान्वयन सुनिश्चित गर्न मद्दत गर्ने छ ।

# अख्तियार सेवाको औचित्य



• रामबहादुर तामाङ/ कृष्णबहादुर दहाल

ट्रान्सपरेन्सी इन्टरनेसनलको सिपिआई इन्डेक्समा नेपाल १०० अङ्कमा ३४ भन्दा माथि जान सकेको छैन । ५० भन्दा कम स्कोर हुने राष्ट्रमा भ्रष्टचार रहेको भनिन्छ । हाम्रो सामाजिक सोच नै भ्रष्टाचारमैत्री हुँदै जानु र भ्रष्टाचार गरेर भए पनि कमाउनु पर्छ भन्ने मान्यता समाजमा आकर्षित हुँदै जानु भ्रष्टाचारको कारण हो । राज्यप्रदत्त सार्वजनिक सेवा प्रवाह जटिल भएको छ । विकास निर्माणका आयोजनाको लागतमा अस्वाभाविक बढोत्तरी हुने गरेको मात्र छैन, एउटा आयोजना वर्षौं वर्षसम्म पनि अधुरै रहने गरेको छ । गुणस्तरको त कुरै नगर्दा पनि हुन्छ । राजस्व, यातायात, भूमि प्रशासन, वैदेशिक रोजगार आदि ठाउँमा अनियमितता भएको पाइन्छ । स्थानीय तहमा पनि भ्रष्टाचार र अनियमितता रहेको पाइन्छ । त्यसैले भ्रष्टाचार जस्तो जघन्य अपराधको अनुसन्धान तथा अभियोजनको संवैधानिक दायित्व पूरा गर्न बलियो अख्तियारको उपस्थिति अनिवार्य छ ।

यसका लागि आवधिक रूपमा नियुक्ति भई आउने पाँच जना पदाधिकारी मात्र राम्रो भएर पुग्दैन । अख्तियारको आफ्नो सेवा समूह गठन नभएको हुँदा बहुसङ्ख्यक कर्मचारी निजामती सेवाका विभिन्न सेवा, समूह र नेपाल प्रहरीबाट आपूर्ति हुँदै आएको छ । आयोगमा सरुवा भई आउने कर्मचारी सबैले आक्रामक रूपले अनुसन्धान गर्न सक्दैनन् । कतिपय अवस्थामा पूर्वाग्रह साँधेर नाजायज रूपमा कोहीप्रति बढी बल प्रयोग त कोहीप्रति निगाह राख्छन् भन्ने आरोप पनि छ । कर्मचारीको धेरै ओहोरदोहोर हुनाले संस्थागत रूपमा आयोगको कामकारबाहीमा एकरूपता कायम हुन सकेको छैन । केही समयमै सरुवा भई जाने हुँदा भविष्यमा आफूले गरेको कामको अपनत्व र जिम्मेवारीसमेत लिनु नपर्ने अवस्था भएकाले आयोगको आफ्नै सेवा समूह गठन अपरिहार्य देखिन्छ ।

अख्तियारको आफ्नै सेवा समूह भएको खण्डमा कर्मचारीको स्थायित्व हुन्छ । संस्थागत स्मरणमा सुधार आउँछ । कामकारबाही र आयोगको निर्णयमा एकरूपता कायम गर्न सहज हुन्छ । अध्ययन, अनुसन्धान, तालिमलगायत कर्मचारी माथि हुने खर्चमा कमी आउँछ । यसरी गरिएको लगानी पनि लामो समयसम्म उपयोग हुन जान्छ । एकै प्रकारको तालिम पटक पटक दिइरहनु पर्दैन । जागिरको पूरा अवधि नै अख्तियारमा बिताउनुपर्ने भएकोले आफूले गरेको कामको अपनत्व र जिम्मेवारी बोधका साथै अनुभवले खारिएका कर्मचारीबाट गल्ती कमजोरीको मात्रामा कमी आउँछ । आयोगलाई परिपक्व निर्णय गर्न उपयुक्त पृष्ठपोषण प्राप्त हुन्छ ।

कुनै पनि शक्ति केन्द्रको दबाब र प्रभावबाट मुक्त भई निष्पक्ष र निडर तरिकाले भ्रष्टाचारजन्य कार्यको अनुसन्धान अभियोजनका काम स्वतन्त्र रूपले सम्पादन गर्न सकिन्छ । एउटै सङ्गठनमा लामो समय काम गर्दा स्वतः विज्ञता कायम हुन गई क्वालिटी सर्कलको रूपमा विभिन्न क्षेत्रमा आफ्नै विज्ञता विकास गर्न सकिन्छ । अनुभवी र विज्ञ कर्मचारीबाट लामो समय आयोगले काम लिन सक्छ । कामको गुणस्तरमा स्वतः सुधार आउनुका साथै भरपर्दो, विश्वासिलो र जिम्मेवार कर्मचारीका कारण आयोगको समग्र कार्यसम्पादन प्रभावकारी हुन्छ । व्यक्तिगत स्वार्थपूर्तिको अवसर करिब करिब अन्त्य हुन्छ । आयोगको बदनामी र छविमा आँच पुऱ्याउने सम्भावना कम रहन्छ ।

अनुसन्धान र अभियोजनका काममा चुस्तता र पूर्णता हुनाले आरोपीले लामो समयसम्म अख्तियारको तारेखमा धाउनुपर्ने अवस्थामा समेत कमी आउने छ । अदालतमा दायर गरिएका मुद्दाको सफलताको दर बढ्न जाने हुँदा आयोगप्रतिको जनविश्वासमा अभिवृद्धि हुन्छ भने दोषी करार हुने दर बढेपछि अदालतमा गएर मुद्दा जित्छु भन्ने सोचमा पनि क्रमशः सुधार हुँदै जान्छ । अनुसन्धान राम्ररी नबुझेका कतिपय कर्मचारीबाट भएका गल्ती, कमजोरीको कारण अख्तियारले पक्षपात गर्छ भन्ने खालको सन्देशसमेत बाहिर जान पाउँदैन ।

कुनै बेला खराब नियत भएका पदाधिकारी नियुक्त भई आएमा पनि बाहिरबाट ल्याइएको कर्मचारीलाई जस्तो जथाभावी उपयोग गर्न सक्ने सम्भावना हुँदैन । कम्तीमा आयोगकै कर्मचारी भए त त्यस्तो पदाधिकारीसँग दोहोरो कुराकानीमार्फत गलत काम गर्न हुँदैन भनेर सम्झाउन सक्ने अवस्था रहन्छ । उजुरी फर्स्योट दरमा तीव्रता आउँछ । सरोकारवाला निकाय अनुसन्धान र अभियोजन गर्ने अख्तियार, मुद्दाको प्रतिरक्षा गर्ने सरकारी वकिलको कार्यालय र मुद्दाको सुनुवाइ गर्ने अदालतबिचको सहयोग, सहकार्य र समन्वयलाई प्रभावकारी बनाउनसमेत सहज हुन जान्छ ।

अख्तियारको आफ्नै सेवा, समूह गठन गर्नु हुँदैन भन्ने तर्क पनि नभएको होइन । यदि अख्तियार सेवा, समूह गठन भएमा नाजायज तरिकाले दुःख दिन्छन् । यस्ता कर्मचारीलाई कसैको डर हुँदैन । झन् शक्तिको मातमा अख्तियार नै बदनाम हुन्छ । कर्मचारीको वृत्ति विकासको अवसर सीमित मात्र हुन्छ । अख्तियारमै कुँजिएर बस्नुपर्ने हुँदा कर्मचारीमा दिक्दारी लाग्ने हुँदा उत्साहित भएर कार्यसम्पादन गर्दैनन् र आयोगको कार्यसम्पादनमै असर पर्न जान्छ । अहिलेको प्रणालीबाट आयोगले खोजे जस्तो र रोजे जस्तो बजारबाट छानी-छानी कर्मचारी आपूर्ति गर्न सकिन्छ तर आयोगको आफ्नै सेवा समूह भए कर्मचारी छनोटको अवसर पनि साँगुरिन्छ । अख्तियारलाई हरेक क्षेत्रको विज्ञता आवश्यक पर्ने भएकाले त्यति धेरै प्रकारका विज्ञता आफ्नै सेवा समूहमा विकास गर्न कठिन हुन्छ ।

अख्तियारको आफ्नै सेवा, समूह गठन गरे आयोगको कर्मचारी ठुला पल्टिन्छन् भन्ने तर्कमा लुकेको गुह्य कुरो चाहिँ आयोगलाई केवल प्लेटफर्म मात्र बनाउने, आयोगमा बस्न पनि चाहनु तर समर्पण गर्न नचाहनु नै हो । त्यसै गरी करियर साँगुरिन्छ भन्ने तर्क केवल भ्रामक विचारको प्रवाह मात्र हो । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, संसद सेवा, लेखापरीक्षण सेवा, राष्ट्रिय मानव अधिकार आयोग सेवा, विभिन्न सङ्घसंस्थानमा आफ्नै सेवा समूह छ । त्यहाँ पर्याप्त वृत्ति विकासको अवस्था देखिन्छ । कुनै समयकालमा बढुवा जाम हुनु त अहिले प्रशासन र लेखा समूहमा पनि त्यस्तै अवस्था छ तर व्यवस्थापन गर्न नसकिने भने होइन । अख्तियारको हालको स्वीकृत दरबन्दीमा भोलि पुनरावलोकन गरी बढाउनुपर्ने आवश्यकता नहुने भन्ने छैन । यसर्थ प्रत्येक श्रेणीमा दुई तह कायम कायम गरेर कम्तीमा ८-१० वर्षमा तह वृद्धिको अवसर सिर्जना गर्न सकिन्छ ।

आफ्नै कर्मचारी भएपछि कर्मचारीमाथि दुई तीन तहमामा आन्तरिक अनुगमन गर्नुपर्ने हुन्छ । गल्ती गर्ने कर्मचारीलाई दोषको आधारमा सेवामुक्त, विभागीय कारबाही, निलम्बन, जिम्मेवारीविहीन, अवसरबाट वञ्चित गराउन सकिन्छ । साथै आफ्नै आन्तरिक सुधारकेन्द्रमा राखी काउन्सिलिङ गरेर पुनः उपयोगयोग्य बनाउनसमेत सकिन्छ । विपक्षमा तर्क गरे झैँ गल्ती गर्ने कर्मचारीलाई कारबाही गर्न नसकिने अवस्था हुँदैन ।

प्रारम्भमा शतप्रतिशत नभए पनि कम्तीमा ५०-५०, ६०-४०, ७०-३०, ८०-२० अनुपातमा आयोगले आफ्नै सेवाको विभिन्न समूह गठन गर्दै जानु उचित हुन्छ । जस्तै अख्तियार सेवाभित्र प्रशासन, लेखा, राजस्व, वन, कृषि, शिक्षा, कानुन, सरकारी वकिल, आइटी, इञ्जिनियरिङका हाइवे, बिल्डिङ, आर्किटेक्ट, इरिगेसन, मेकानिकल, इलेक्ट्रिकललगायत अख्तियार प्रहरी जस्ता समूह गठन गरी अनुसन्धान सहायक, अनुसन्धान अधिकृत, वरिष्ठ अनुसन्धान अधिकृत, मुख्य अनुसन्धान अधिकृत, प्रमुख अनुसन्धान अधिकृत जस्ता एउटै श्रेणीमा दुई तह कायम गरेर विशिष्ट श्रेणीको सचिव पदमा आफ्नै सेवा समूहबाट वृत्ति विकासको बाटो निर्माण गर्न सकिन्छ ।

सुरुमा कार्यरत सबै कर्मचारी तथा प्रहरीसमेतलाई अख्तियार सेवा वा मातृसंस्था फिर्ताको छनोटको अवसर दिई अख्तियार सेवामा समायोजन हुन चाहनेका लागि मापदण्ड तय गर्न सकिन्छ । अख्तियार सेवामा सुरु नियुक्तिका लागि लोक सेवा आयोगसँग समन्वय गरी भ्रष्टाचार नियन्त्रण, सुशासन, सेवा प्रवाह, सार्वजनिक निर्माण, सदाचार, जिम्मेवारी, इन्टिलिजेन्स, काउन्टर इन्टलिजेन्स, खरिद, बैङ्किङ कसुर, सूचना प्रविधि, विद्युतीय अपराध, मनि लाउन्डरिङ राजस्व चुहावट लगायत विभिन्न क्षेत्रको खोज, अध्ययन, अनुसन्धान जस्ता विषयवस्तु समेटेर पाठ्यक्रम बनाउन सकिन्छ । अख्तियारको आफ्नै सेवा गठनमा कुनै बेफाइदा छैन । गौण चुनौती र विपक्षमा हुने आधारहीन फूलबुट्टे तर्कका आधारमा भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारिता ल्याउने विषयमा सबै सरोकारवाला निकायहरू सकारात्मक हुनु जरुरी छ । अख्तियारलाई बलियो बनाउने उपायहरूमध्ये एक छुट्टै सेवा, समूह गठन गरी निर्भीक रूपले भ्रष्टाचारको अनुसन्धान र अभियोजन गर्नु पनि हो । यस कारण माथि उल्लिखित आधार, कारण, तर्क र वास्तविकताको आधारमा अख्तियारको अलग्गै सेवा समूह गठन गर्नु अपरिहार्य देखिन्छ ।

# दुर्घटनापछि तनावग्रस्त केर्खा











# नेपालमा पटका भित्रिने जोखिम

झापा(प्रस) । यो वर्षको तिहारमा पटाकाजन्य पदार्थ पड्काएर रमाइलो गर्न नपाइने गरी कडा बन्देज लगाइने भएको छ । गत सालहरूमा हरेक जिल्ला प्रशासनले पटाकाजन्य पदार्थ नपड्काउन सामान्य सूचना जारी गरे पनि पटाका अवैध किनबेच र पड्काउने कार्य हुने गरेका थिए । यस पटक सरकारले देशव्यापी रूपमा सर्कुलर जारी गरेरै पटाकाजन्य पदार्थ ओसारपसार र प्रयोगमा बन्देज लगाउने तयारी गरेको छ ।

दसैँअघि नै नेपालबाट मनसुन बाहिरिसकेकाले मौसम सुक्खा र



चिसो हुँदै छ । जसका कारण वायुमा सुक्खापनसँगै प्रदूषणको मात्रा बढ्न थालेको छ । वातावरण र मानिसको जिउधनमा असर पार्ने भएकाले पनि तिहारमा पटाकाजन्य पदार्थमा पूर्ण रूपमा बन्देज लगाइने तयारी सरकारले गरेको गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिए । उनले भने, "हामी हरेक जिल्ला प्रशासनमा सर्कुलर पठाउने तयारीमा छौँ, सोही अनुसार पटाकाजन्य पदार्थको ओसारपसार र प्रयोगमा कडाइ गरिने छ ।"

नेपालको छिमेकी भारतमा गत सातादेखि नै पटाकाजन्य पदार्थ यो वर्षको दीपावली र आसपासका पर्वमा गर्न नपाइने गरी कडाइ गरिसकिएको छ । जसका कारण त्यहाँ उत्पादित पटाकाजन्य पदार्थ नेपालमा अवैध रूपमा भित्रिने खतरा उच्च रहेको छ । खुला सीमानाकाबाट तराईका जिल्लामा पटाकाजन्य पदार्थको ओसारपसार तीव्र बनेको स्थानीयले बताएका छन् ।

पटाकाजन्य पदार्थको अवैध ओसारपसारमा खुला सिमाना निकै चुनौतीपूर्ण रहेको गृह प्रवक्ता तिवारीले बताए । भारत सरकारले बन्देज लगाएपछि यता त्यसको खपत बढ्ने सम्भावनालाई ध्यनमा राखेर सीमानाकामा पटाकाजन्य पदार्थको ओसारपसारका कडाइ गरिने जानकारी तिवारीले दिए । सीमानाकामा सुरक्षाकर्मीको डेस्क नै तैनाथ गरेर अवैध ओसारपसार नियन्त्रण गर्ने तयारी सरकारले गरेको उनले प्रस्ट पारे ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री कमला संग्रौला, पश्चिमः श्री अर्जुन कार्की, उत्तरः श्री बाटो, दक्षिणः वैजन्ती देवी शाह को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री राम कुमार गौतमले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखीकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ १९ | १५६४ १५६२ | ११५. ९२ | २०८१/०६ /१४ | २०८१/०६ /१४ | २०८१/०७/०६ |

# तोकिएभन्दा बढी मूल्य नलिन सिनेमा सञ्चालकलाई निर्देशन



झापा(प्रस) ।वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सिनेमा हल परिसरमा राखिएका क्याफेले अबदेखि प्रशोधित बोतलको पानी र अन्य प्याकेजिङ गरेका खानेकुरामा अधिकतम खुद्रा मूल्य (एमआरपी) भन्दा बढी मूल्य लिनेलाई कारबाही गर्ने भएको छ ।

विभागमा महानिर्देशक राजन पोखेलको नेतृत्वमा नेपाल चलचित्र संघका पदाधिकारीसँग छलफल गर्दै सिनेमा हल परिसरमा बिक्री गर्न राखिएका वस्तुको एमआरपीभन्दा बढी मूल्य लिन नपाइने जानकारी गराएको छ । यदि त्यसरी बढी मूल्य लिएमा कानुन अनुसार कारबाही हुने चेतावनी पनि दिएको छ ।

सिनेमा हेर्न जानेलाई बाहिरबाट पानी र खानेकुरा लग्न नपाइने र भित्र किन्दा बाहिर पर्ने मूल्यभन्दा दोब्बरभन्दा बढी हुने गरेको गुनासोका आधारमा विभागले नेपाल चलचित्र संघका पदाधिकारीसँग त्यसरी छलफल गरेको हो ।

विभागका अनुगमन शाखाका निर्देशक डिकबहादुर कार्कीले अबदेखि सिनेमा हल सञ्चालकले प्याकेजिङ गरेका वस्तुको एमआरपीभन्दा बढी मूल्य लिन नपाइने गरी नेपाल चलचित्र संघमातहतका हललाई पत्राचार गर्न लिखित निर्देशन दिएको जानकारी दिए । "एक/दुई दिनपछि सिनेमा हलमा गएर मूल्यका विषयमा छड्के अनुगमन गर्छौं, कार्यान्वयन नभएमा कानुन अनुसार कारबाही हुन्छ," उनले भने, "कानुन अनुसार बढी मूल्य लिनेलाई तीन लाख रुपियाँसम्म जरिबाना र एक वर्ष कैद सजाय वा दुवै सजाय हुने व्यवस्था छ ।"

विभागका अनुसार विभागले पछिल्लो पटक प्याकेजिङ गरेका वस्तुको बढी मूल्य लिने होटल, रेस्टुराँ, सिनेमालक्षित अनुगमन गर्दै आएको छ । सिनेमा हल परिसरभित्र रहेका क्याफे, अधिकांश ठुला वा नाम चलेका होटल मात्रै होइन साना होटलमै पनि सर्भिस भन्दै प्याकेजिङ गरेका वस्तुको एमआरपीभन्दा बढी मूल्य लिने गरेका छन् । अब जुनसुकै ठाउँ चाहे होटल होस् चाहे सिनेमा हल प्याकेजिङ गरेका वस्तु (प्रशोधित बोतल वाटर, अन्य खानेकुरा) मा तोकिएको मूल्यभन्दा बढी लिएमा कारबाही हुन्छ ।

## पुन:निर्माण...

गर्न नमिल्ने रकमबाहेक प्रदेश सरकार र वित्तीय समानीकरण अनुदान स्रोतमा चालु खर्च शीर्षकहरुमा विनियोजन भएको रकमबाट १० प्रतिशत पुग्ने गरी सबै मन्त्रालयले बजेट समर्पण गर्ने निर्णय भएको जानकारी दिए।

उनका अनुसार कोशी प्रदेश सरकारले यो कोषमा मन्त्रीहरूको १० दिनको तलब जम्मा गर्ने र सांसदहरूलाई सम्बन्धित दलमार्फत सहयोग गर्न आग्रह गर्ने एवं कर्मचारी तथा अन्य सरोकारवालाहरूलाई पनि कोषमा सहयोग गर्न आह्वान गर्ने निर्णय भएको छ।

बाढी पहिरोका कारण कोशी प्रदेशमा सडक, पुल, सिँचाइ, भवन, विद्यालय गरेर ४ अर्ब रुपैयाँ बढीको क्षति भएको छ। मन्त्री अधिकारीका अनुसार क्षति भएका संरचनालाई दीर्घकालीन र तत्काल गर्ने काम छुट्याएर पुनःनिर्माण र मर्मतसम्भारको काम द्रूत गतिमा अगाडि बढाउने सरकारको तयारी छ। त्यस्तै सरकारको न्यूनतम साझा कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा लैजाने निर्णय प्रदेश सरकारले गरेको छ। मन्त्रिपरिषद् बैठकले प्रदेश सिँचाइ नियमावली र सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययीता सम्बन्धी दोस्रो संशोधन निर्देशिका स्वीकृत गर्ने निर्णयसमेत गरेको जानकारी मन्त्री अधिकारीले दिए।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन **वर्गीकृत विज्ञापन**

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**तपाईंकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**वृष** — रोजगारको अवसर मिल्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**मिथुन** — छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** — आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** — प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** — महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** — आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** — आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** — आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** — मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** — आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** — प्रेमीको सहयोग प्राप्त हुनेछ । परिवारमा सुख सन्तोष छाउनेछ ।